annapurnapost.com

अन्नपूर्ण पोस्ट

वर्ष २५, अंक २२, पृष्ठ ८ | काठमाडौं, शुक्रबार ८ जेठ २०८३ | ज्येष्ठ शुक्लपक्ष षष्ठी, नेपाल संवत् ११४६ | FRIDAY, MAY 22, 2026 | काठमाडौं, इटहरी, [illegible] लहलपुरबाट एकैसाथ प्रकाशित मूल्य : रु. १०

आवरण समाचार

स्थानीय तहमा मनलाग्दी खर्च, खाना-खाजामा मात्रै ३ अर्ब

जनताको घरदैलोको सरकार हो-स्थानीय तह। तर, जनतालाई सेवा सुविधा दिनेभन्दा मनलाग्दी खर्च गर्ने प्रवृत्तिका कारण स्थानीय तहमा आर्थिक अनुशासनहिनता बढ्दै गएको छ। महालेखा परीक्षकको कार्यालयको ६३औं प्रतिवेदनले स्थानीय तहमा भइरहेको फजुल खर्चप्रति चिन्ता व्यक्त गरेको छ। त्यसैकारण स्थानीय तहको फजुल खर्चमा कडाइ गर्न महालेखाले सुझाव दिएको छ।

सुरेन्द्र काफ्ले | *काठमाडौं*

समाचार पृष्ठ २



मधेसमा नयाँ सत्ता गठबन्धन

जसपा र जनमत बाहिरिए, एमाले-नेकपा भित्रिए

जनकपुरधाम (अन्नपूर्ण): मधेस प्रदेशमा नयाँ सत्ता समीकरण बनेसँगै मन्त्रिपरिषद् पुनर्गठन गरिएको छ।

कांग्रेस नेतृत्वको वर्तमान सरकारमा नेकपा एमाले र नेपाली कम्युनिस्ट पार्टी (नेकपा) सहभागी भएपछि अघिल्लो सत्ता साझेदार दलहरू जसपा नेपाल र जनमत पार्टी सरकारबाट बाहिरिएका छन्।

नयाँ राजनीतिक समीकरणअनुसार नेपाली कांग्रेस, नेकपा एमाले र नेकपाको समर्थनमा मुख्यमन्त्री कृष्णप्रसाद यादवले मन्त्रिपरिषद् पुनर्गठन गरेका हुन्।

सत्ता समीकरण फेरिएपछि मुख्यमन्त्री यादवले जनता समाजवादी पार्टी (जसपा) नेपालका तीन मन्त्रीहरू– भौतिक पूर्वाधारमन्त्री राजकुमार गुप्ता, शिक्षा तथा संस्कृतिमन्त्री रानी शर्मा र श्रम तथा यातायातमन्त्री मनिष सुमनलाई राजीनामा दिन निर्देशन दिएका थिए। उनीहरूले राजीनामा नदिएपछि मुख्यमन्त्रीले तीनै जनालाई पदबाट बर्खास्त गरेका छन्। उता, जनमत पार्टीका दुई मन्त्रीहरूले भने यसअघि नै राजीनामा दिइसकेका छन्।

पुनर्गठित मन्त्रिपरिषद्मा मुख्यमन्त्री यादवले महत्वपूर्ण मन्त्रालयहरू आफैंसँग राखेका छन् भने अन्य साझेदार दलका नेताहरूलाई विभागीय जिम्मेवारी सुम्पिएका छन्।

एमालेबाट सरकारमा सहभागी भएका नवनियुक्त विनाविभागीय मन्त्री मोहम्मद समीरको बिहीबार साँझ नै शपथग्रहण गरेका छन्।

नयाँ गठबन्धन समीकरण तयार भएसँगै मुख्यमन्त्री कृष्णप्रसाद यादवले शुक्रबार प्रदेश सभाबाट विश्वासको मत लिने कार्यक्रम छ।

प्रधानमन्त्रीले सुनेनन् सदनको आवाज

विपक्षीको माग लिएर प्रधानमन्त्री भेट्न पुगेका सभामुख रित्तै फर्किए

अन्नपूर्ण | *काठमाडौं*

वेस्टमिनिस्टर प्रणालीमा सरकार र संसद् बीचको सम्बन्ध अन्तर्निर्भर हुन्छ। सरकारको जन्म संसदबाटै हुन्छ। संसद्प्रति सरकार उत्तरदायी रहन्छ। संसद्बाटै निर्वाचित प्रधानमन्त्री वालेन्द्र शाहले निरन्तर बेवास्ता गर्दा संसद्को प्रभावकारिता कमजोर हुने देखिएको छ। नयाँ संसद् बनेको दुई महिनामै सदनमा टकरावको अवस्था सिर्जना हुँदै गएको छ।

प्रधानमन्त्री वालेन्द्र शाह लगातार संसद् बैठकमा अनुपस्थित भएपछि बिहीबारको सदन मुठभेडतर्फ धकेलियो। विपक्षी दलहरूले प्रधानमन्त्रीको उपस्थितिको माग गर्दै सदन अवरोध गरेपछि सभामुखले पहिलो बैठक स्थगित गर्नुपरेको थियो भने दोस्रो बैठक विपक्षीको चर्को नाराबाजीबीच कार्यसूचीमा प्रवेश गऱ्यो।

गत चैत १३ गते प्रधानमन्त्री नियुक्त भएका शाह संसद्प्रति अनुत्तरदायी बनेको भन्दै विपक्षी सांसदहरू आक्रामक रूपमा प्रस्तुत भएका हुन्। बिहीबारको बैठक सुरु हुनासाथ आकस्मिक समयमा बोल्दै श्रम संस्कृति पार्टीका अध्यक्ष हर्क साम्पाङले प्रधानमन्त्रीको कडा आलोचना गरे। प्रधानमन्त्री शाहले नै गृह र रक्षा जस्ता संवेदनशील

मन्त्रालयको जिम्मेवारी सम्हालिरहेको अवस्थामा संसद्मा उठेका प्रश्नको जवाफ दिन नआएको भन्दै साम्पाङले आक्रोश पोखे।

'प्रधानमन्त्री यो संसद्को सदस्य हो कि होइन ? यदि उहाँले आफ्नो कर्तव्य पालना गर्न सक्नुहुन्न भने मार्गप्रशस्त गर्दा राम्रो हुन्छ,' साम्पाङले आक्रोशित हुँदै भने, 'प्रधानमन्त्री कोही न कोहीप्रति त जवाफदेही हुनैपर्छ।' बुधबारको बैठकमा समेत प्रधानमन्त्रीको खोजी गर्दै प्लेकार्ड देखाएका साम्पाङसहितका श्रम संस्कृतिका सांसदलाई सभामुखको कारबाहीको चेतावनी दिएका थिए।

बैठकमा नेपाली कांग्रेसका प्रमुख सचेतक निश्कल राईले प्रधानमन्त्री शाहमा संसद्प्रति 'एलर्जी' देखिएको गम्भीर आरोप लगाए। सरकार र प्रधानमन्त्रीले संसदीय मर्यादा कायम राख्नुपर्नेमा स्थापित परम्पराहरू भत्काउँदै हिँडेको राईको टिप्पणी थियो।

» बाँकी पृष्ठ ६

फेस सेभिङमा लामिछाने

सत्तारूढ राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेले भने प्रधानमन्त्री संसदमा अनुपस्थित हुँदा सत्तापक्षलाई कुनै दबाब नपरेको दाबी गरेका छन्। सञ्चारकर्मीहरूसँग कुरा गर्दै लामिछानेले प्रधानमन्त्री शाह संसद्मा आउने कुरामा ढुक्क हुन आग्रह गरे। 'उहाँ आउनुहुन्छ, नआउने भन्ने कुरै छैन। आएपछि थाहा पाइहाल्नुहुन्छ नि!,' लामिछानेले भने, 'म दबाबमा बस्ने मान्छे पनि होइन, मलाई त्यस्तो कुनै दबाब छैन।'

सभापति लामिछानेले संसद्मा उपस्थिति हुनुभन्दा सरकारले गर्ने काम र त्यसको नतिजा महत्त्वपूर्ण हुने तर्क गरे। सरकारले सय दिन पूरा नगर्दै राम्रो काम गरिरहेको दाबी गर्दै उनले भने, 'सरकारले यो काम खराब गऱ्यो वा यो काम भएन भन्ने प्रश्न आयो भने मात्र मेरो लागि दबाबको विषय हुन्छ। सरकारले आफ्नो काम गरिरहेको छ र रिजल्ट आउँदै छ।'

लामिछानेले मिडियालाई सत्तापक्षभन्दा प्रतिपक्षका कुरालाई बढी प्राथमिकता र स्पेस दिनसमेत सुझाव दिए। सभापति लामिछानेले आफ्नो पार्टीको महाधिवेशनको तयारी भइरहेको र विधानको व्यवस्थाअनुसार नै महाधिवेशनको मिति तय गरिएको जानकारीसमेत दिए।

भारतीय गृहमन्त्रीले पशुपतिमा चढाए ४० किलो चन्दन

काठमाडौं (अन्नपूर्ण): भारतीय गृहमन्त्री अमित साहले पशुपतिनाथको मूर्तिमा श्रीयन्त्रको पूजा आराधनाका लागि ४० किलो चन्दन अर्पण गरेका छन्। भारतीय गृहमन्त्रीले पठाएको चन्दन प्रतिनिधिसभा सदस्य सन्दीप रानाको संयोजनमा पशुपतिनाथका मूल अर्चक गणेश भट्टलाई हस्तान्तरण गरिएको हो।

भारतबाट पशुपतिनाथको शिरमा श्रीयन्त्र पूजा गर्न प्रत्येक वर्ष विशेष प्रकारको चन्दन अर्पण हुने गरेको छ। गतवर्ष गोआका मन्त्रीले पशुपतिनाथलाई ३५ किलो चन्दन अर्पण गरेका थिए। पशुपतिनाथका मूल अर्चकले बुझेको चन्दन बिहीबार नै गुठी संस्थान पशुपति गोश्वारा कार्यालयका प्रमुख सुशीला शर्मालाई भण्डारणका लागि जिम्मा लगाइएको छ। भारतमा हुने विशेष प्रकारको चन्दन प्रत्येक वर्ष पशुपतिनाथलाई प्राप्त हुने गरेको छ।

बर्सेनि पूजा गरिँदै २८८ वर्ष पुरानो ताम्रपत्र

शिव उप्रेती | *गोरखा*

२८८ वर्षअघि राजाबाट आफ्ना पुर्खाले पाएको ताम्रपत्र गोरखा मान्बुका पछिल्लो पुस्ताले पूजा गरेर सुरक्षित राख्ने गरेका छन्। तत्कालीन गोर्खाली राजा नरभुपाल शाहबाट प्राप्त गरेको ताम्रपत्र आरुघाट गाउँपालिका-२ मान्बुका घले परिवारले बर्सेनि पूजा गरेर राख्ने गरेका हुन्।

पृथ्वीनारायण शाहका पिता नरभुपाल शाहले विक्रम सम्वद्ध १७९६ वि.सं. १७९६ जेठ १ गते मान्बुका तत्कालीन मुखिया रामु घलेलाई विभिन्न काम, कर्तव्य र अधिकार खुलाएर ताम्रपत्र प्रदान गरेका घले खलकका शेरबहादुर घले बताउँछन्।

'पहिले-पहिले त्यो ताम्रपत्र बर्सेनि लामा गुरु लगाएर पढ्ने अनि पूजा गर्ने गरिन्थ्यो', उनी भन्छन्, 'अहिलेचाहिँ तीन/तीन वर्षमा पूजा गर्ने गरिन्छ। यसलाई हामीले घले खलकले मान्ने कलदेवता जस्तै ठानेर पूजा गर्ने गरेका हौं।' २८८ वर्ष पुरानो ताम्रपत्रलाई घले खलकको प्रतिष्ठाको रूपमा मान्दै आएको उनको भनाइ छ।



मान्बुका रामु घलेलाई तत्कालीन राजा नरभुपाल शाहले दिएको ताम्रपत्र।

'आगे रामु घलेके लकुवाको सापोनापो मन्बुमाहा विर्ता बकस भयो। मान्बुले उठायाको षठ्पूजा षोक्पा उलाक् रामु घलेले उठाउनु मान्बुले मान्याको सरैले बाराथरी दुबारे मानु। माहाभीरसमेत बकस भयो,' सो ताम्रपत्रमा लेखिएको छ। अथवा रामु घलेलाई मान्बु, लकुवा, महभीर बकस दिएको ताम्रपत्रमा उल्लेख छ।

घलेहरू पहिल्यैदेखि राजा तथा मुखियाका पदमा रहेको प्रमाणका रूपमा पनि घले समुदायले यस ताम्रपत्रलाई लिने गरेका छन्। घले शासित मान्बु क्षेत्र राजा राम शाहले जितेर आफ्नो बनाएका थिए। पछि नरभुपाल शाहले सो क्षेत्रको रेखदेख र व्यवस्थापन गर्न रामु घलेलाई ताम्रपत्रमा लेखेर जिम्मेवारी दिएको इतिहासका जानकारहरू बताउँछन्।

राजा नरभुपाल शाह गोरखाबाट मान्बु क्षेत्र जान टाढा पर्ने भएकाले त्यस क्षेत्रको कर उठाउनेलगायतका व्यवस्था गर्न रामु घलेलाई जिम्मा दिएको प्रमाण रहेको घले समाजका अध्यक्ष दिनेश घले बताउँछन्। 'कुनै बेला गोरखा, लमजुङ, मनाङ, कास्की, तनहुँ, धादिङमा घले राजाहरू थिए भन्ने एउटा प्रमाणका रुपमा यो ताम्रपत्रलाई लिएका छौं,' उनी भन्छन्, 'घलेहरूबाट खोसिएको क्षेत्रको रेखदेख गर्ने जिम्मा फेरि घलेलाई नै दिएको यो एउटा प्रमाण हो।'

अहिले सो ताम्रापत्र आरुघाट गाउँपालिका २ मान्बुका गजे घलेको घरमा सुरक्षित छ। गजे घले रामू घलेका पछिल्लो पुस्ताका सन्तान हुन्। हरेक वर्ष घर पूजा गरी राजाले दिएको ताम्रपत्र लामालाई पढ्न लगाई पूजा गर्ने गरेको उनका आफन्त शेरबहादुर घलेले जानकारी दिए।